# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## सोल्टी होटल लिमिटेडको ४३औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभाव,**

मिति २०७४ कार्तिक ५ गते (२२ अक्टूबर २०१७) आईतबारका दिन बसेको यस सोल्टी होटल लिमिटेड (कम्पनी) को सञ्चालक समितिको २१३औं बैठकको निर्णय अनुसार यस कम्पनीको ४३औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थानः**

**मितिः** **२०७४ साल मंसिर २८ गते तद्नुसार १४ दिसम्बर २०१७, विहिबारका दिन ।**

**समयः** **बिहान ११:०० बजे ।**

**स्थानः** **त्रिभुवन आर्मी अफिसर्स क्लब, टुंडिखेल, सुन्धारा, काठमाडौं ।**

२. **छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) वार्षिक आर्थिक विवरणहरु (हिसाव किताव) २०७४ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को लागि शेयरधनीहरुलाई चुक्ता पूँजीको ६.०५२६३१५८ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) का लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक स्वीकृत गरी पारित गर्ने ।

५. कम्पनीको संचालक समितिमा संगठित संस्थाबाट मनोनित भएका संचालकहरुको सम्बन्धमा जानकारी लिने र संचालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरु बाहेकका शेयरधनीहरुबाट तीन जना संचालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई १५ (पन्ध्र) प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर ३ कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

**(ग) विविध**

७. विविधः अध्यक्षको अनुमति अनुसार ।

**संचालक समितिको आज्ञाले**<br>**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी जानकारी

१. ४३औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब सोमबार, २०७४ साल मंसिर ४ गते देखि २०७४ मंसिर २८ गते (२० नोभेम्बर २०१७ देखि १४ दिसम्बर २०१७) विहिबार अर्थात ४३औं वार्षिक साधारण सभा सम्पन्न नभएसम्म बन्द रहनेछ (मिति २०७४ कार्तिक १० गतेको (२७ अक्टूबर २०१७) कारोबार राष्ट्रिय आर्थिक दैनिकमा सूचना प्रकाशित भए बमोजिम) ।

२. साधारण सभाको सूचना सहितको ४३औं वार्षिक प्रतिवेदन २०७३/७४ पुस्तिका शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको ठेगानामा हुलाक तथा कुरियर सेवा मार्फत प्रेषित गरिनेछ । साथै साधारण सभाको सूचना र वित्तिय विवरणहरु सहितको ४३औं वार्षिक प्रतिवेदन २०७३/७४ यस कम्पनीको वेबसाईट **Website: http://www.soalteehotel.com** मा हेर्न सकिनेछ ।

३. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै अर्थात २०७४ मंसिर २१ (७ दिसम्बर २०१७) गते सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

४. शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदन संगै संलग्न रहेको प्रवेश-पत्र वा सक्कल शेयर प्रमाणपत्र वा डिम्याट हितग्राही खाताको विवरण (डिम्याट एकाउण्ट नम्बर) सहित आफ्नो परिचय खुल्ने प्रमाण प्रस्तुत गरेपछि मात्र सभाकक्षमा प्रवेश गर्न दिइनेछ । तोकिएको सभा हुने समयभन्दा आधा घण्टा अगावै सभा कक्षमा उपस्थित भईदिनु हुन सबै शेयरधनीहरुलाई अनुरोध गरिन्छ । शेयरधनी उपस्थिति पुस्तिका शेयरधनीहरुको हाजिरी दस्तखतका लागि बिहान ९:३० बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

५. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि पठाउन चाहने शेयरधनीहरुले कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधि नियुक्त पत्र, सभा शुरु हुन भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्र्ड कार्यालय, ताहाचलमा दर्ता गरी सक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वंय सभामा उपस्थित भएमा आफूले नियुक्त गरेको प्रतिनिधि रद्द गरे पछि मात्र निज स्वंयले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । संगठित संस्थाको प्रतिनिधि पत्रमा सम्बन्धित संस्थाको छाप सहित आधिकारिक व्यक्तिले दस्तखत गरेको हुनु पर्नेछ ।

६. सभाको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सभा स्थलमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक सहयोग पुऱ्याउन अनुरोध गरिन्छ । शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा कुनै किसिमका झोला, व्याग, प्याकेट आदि जस्ता बस्तुहरु नल्याउन अनुरोध गरिन्छ ।

७. निर्वाचन कार्यक्रमको सूचना कम्पनीको कार्यालय, ताहाचल, काठमाडौं स्थित निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचनको दिन भन्दा कम्तीमा १५ दिन पहिले थप अन्य विवरण प्रकाशित हुनेछ । यस सम्बन्धी थप अन्य विवरण एवं जानकारी निर्वाचन अधिकृतको कार्यालय, ताहाचल, सोल्टी होटेल परिसरबाट प्राप्त गर्न सकिनेछ ।

८. शेयरधनीहरुलाई कम्पनीको ४३औं वार्षिक साधारण सभा सम्बन्धी थप अन्य जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको प्रधान कार्यालय सोल्टी होटेल परिसर, ताहाचल, काठमाडौंमा सोमबार देखि शुक्रबार सम्म बिहान १०:०० बजे देखि अपरान्ह ४:०० बजे सम्म (दिउँसो १:०० देखि २:०० बजे बाहेक) सम्पर्क राख्न सक्नु हुनेछ । यो सूचना कम्पनीको उपरोक्त वेबसाईटमा समेत हेर्न सकिन्छ ।